कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कचनकवल, भापा

१ नं प्रदेश

## घाटलौरी ठेक्का सम्बन्धी सूचना

***दोश्रो पटक प्रकाशित मिति २०७६/०३/०६***

यस गाउँपालिकाको वडा नं. ५ मा रहेको पाठामारी वजार छेउबाट वारिपारी आउने जाने गरी मेची नदीमा घाटलौरी (बाँसको पुल र डुंगा दुवै) को काम सन्चालन गर्नुपर्ने भएको एक आ. व. मा न्यूनतम रु १,५०,०००/०० कायम गरी वढावडको आधारमा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति / व्यवसायीक फर्महरुले देहायको शर्तको अधिनमा रही मिति २०७६/०३/१२ गते कार्यालय समय भित्र कवोल अंक खुलाई ठेक्का पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

***शर्तहरु***

१. ठेकेदारले घाटलौरी प्रयोग गरे वापत वाँसे पुल प्रयोग गर्दा पैदल यात्रुलाई एकपटक आउन जान ने रु ५/०० (पाँच), साइकलवालाका लागि आउन जान ने रु. १०/०० (दश) र मोटरसाइकलवालाका लागि आउन जान ने. रु. २०/०० (विस) मात्र लिन पाउनेछ

२. ठेकदारले डुंगा प्रयोग गरे वापत प्रति व्यक्तिका लागि एक पटक आउँदा जाँदा ने. रु. १०/०० (दश), साइकल सहितको व्यक्तिलाई एक पटक आउँदा जाँदा ने. रु. २०/०० (विस) र मोटरसाइकल सहितको व्यक्तिलाई एक पटक आउँदा जाँदा ने. रु ३०/०० (तीस) मात्र लिन पाउने छ ।

३. ठेक्का पेश गर्ने व्यक्ति / व्यवसायीक फर्म मु. अ. करमा दर्ता भएको भए धरौटी वापत ठेक्का कवोल रकमको पाँच प्रतिशत रकम र एक आर्थिक वर्ष सम्मको वैंक जमानत पत्र र मु. अ. करमा दर्ता नभएको भए ठेक्का कवोल रकमको पचास प्रतिशत रकम कचनकवल गाउँपालिकाको एन आई सि एसियामा रहेको धरौटी खाता नं. 67CA051019752404 मा जम्मा गर्नुपर्नेछ ।

४. ठेक्का पेश गर्ने व्यक्तिको हकमा नेपाली नागरिकताको प्राण पत्रको प्रतिलिपी र कर दर्ता पान नं. अनिवार्य पेश गुर्नपर्नेछ भने फर्मको हकमा फर्म दर्ता प्रमाण पत्र, आ. व. ०७४/७५ को कर चुक्ता प्रमाण पत्र, नविकरण गरेको पत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नुपर्नेछ ।

५. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

६. ठेक्का अवधी २०७६ आषाढ १५ गते देखि २०७७ आषाढ १४ गतेसम्म रहनेछ ।

७. ठेक्काको फर्म यस कर्यालयको लेखा शाखामा रु १,०००/०० (एक हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिने छ ।

८. अन्य कुराहरु सार्वजनिक खरिद ऐन र नियमावली, २०६३ अनुसार हुनेछ ।

९. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

Scanned by CamScanner